म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौँडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- २३७ २०८१ साउन ५ गते शनिबार 20 July 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

## विपत्तिबाट बचौं र बचाऔं

- विपत्तिबाट बच्न पूर्वतयारी गरौं,
- बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपबाट बचौं
- विपत्तिमा परेकालाई उद्धार र पुनः स्थापनामा सहयोग गरौं,
- विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं,
- पानीको बहाव क्षेत्रमा बसोबास नगरौं, नगराऔं,
- बाढी र पहिरोको जोखिमबाट बच्न पूर्व सावधानी अपनाऔ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कामको भुक्तानी कुर्दै निर्माण व्यवसायीहरु




समाज संवाददाता

हेटौंडाः मकवानपुरका निर्माण व्यवसायीहरुले आफूहरुले गरेको कामको भुक्तानी नपाएपछि अहिले सम्बन्धित निकायहरुसँग छलफल र वार्तालाई तीव्र पारिरहेका छन् । नयाँ आर्थिक वर्ष सुरु भइसकेको अवस्थामा गत आर्थिक वर्षमै सम्पन्न कामको भुक्तानी नपाएपछि अहिले व्यवसायीहरुले छलफल र वार्तालाई तीव्र पारिएको हो ।

गत असार २७ गते मकवानपुरका निर्माण व्यवसायीहरुले सडक डिभिजन कार्यालय हेटौंडाअन्तर्गत भएको ठेक्का सम्झौताअनुसार व्यवसायीहरुले समयमा नै म्याद थप भई प्रक्रिया पूरा गरी बिल पेश गर्दा भुक्तानी रोकेको भन्दै कार्यालयमा नै तालाबन्दी गरेर धर्ना दिएका थिए । कार्यालयले उक्त भुक्तानी हुन बाँकी र कम भुक्तानी गर्न वार्ता गर्न तयार भएपछि सोही दिन नै तालाबन्दी हटाइएको थियो ।

निर्माण व्यवसायी संघ मकवानपुरका अध्यक्ष बालगोपाल कँडेलका अनुसार आफूहरुसँग सडक डिभिजन र अन्य निकायहरुले दिनुपर्ने भुक्तानी अबको एक महिनाभित्र उपलब्ध गराउने भएपछि तत्कालका लागि विरोध र धर्नाको कार्यक्रम स्थगित गरेको छ । उहाँका अनुसार अहिले सडक डिभिजन र अन्य निकायहरुसँग निरन्तर वार्ता भइरहेको छ ।

एक महिनाभित्र पनि आफूहरुले भुक्तानी नपाए व्यवसायीहरुले थप सशक्त आन्दोलन गर्ने उहाँले चेतावनीसमेत दिनुभएको छ । उहाँले नयाँ प्रदेश सरकार बनेपछि आफूहरुले भुक्तानी पाउने आशामा रहेको बताउनुभयो । अहिले देशको नयाँ अर्थमन्त्रीले भुक्तानी दिन बाँकी रहेको निर्माण व्यवसायीहरुको रकम भुक्तानी दिने घोषणा गरेको अवस्थामा आफूहरुले भुक्तानी पाउनेमा विश्वस्त रहेको उहाँको भनाइ छ । मकवानपुरका निर्माण व्यवसायीहरुले सडक डिभिजन कार्यालयबाट २२ करोडभन्दा बढी भुक्तानी पाउन बाँकी रहेको छ भने अन्य सरकारी निकायहरुबाट २० करोडभन्दा बढी भुक्तानी पाउन बाँकी रहेको छ ।

## करेन्ट लागेर बम्जनको मृत्यु

समाज संवाददाता

हेटौंडाः करेन्ट लागेर मकवानपुरको बागमती गाउँपालिकाका एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा बागमती-९ स्थित बेतिनीका २० वर्षीय रामराज बम्जन रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिनुभयो । शुक्रबार दिउँसो ४ बजेको समयमा बकैया गाउँपालिका-४, माझीखोलास्थित नेपाल प्रेम चर्चको भवनमा वाइरिङ गर्ने क्रममा बम्जनलाई करेन्ट लागेको थियो । करेन्ट लागेर अचेत अवस्थामा रहेका बम्जनलाई उपचारका लागि हेटौंडा अस्पताल ल्याइएकोमा दिनको ५ बजेर ३० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

### हेटौँडाबाट पथलैया पुगेको कारमा गाँजा

## राक्सिराङका अन्जन र भारतीय नागरिक पक्राउ

समाज संवाददाता

हेटौँडाः हेटौँडाबाट बीरगन्जतर्फ जाँदै गरेको एक कारबाट बारा प्रहरीले लागुऔषध गाँजा बरामद गरेको छ ।

बिहिबार बिहान ५ बजेको समयमा प्रहरीले बारा जिल्लाको पथलैयामा सुरक्षाजाँच गर्ने क्रममा २६ केजी गाँजासहित मकवानपुरको राक्सिराङ गाउँपालिका-२ का २८ बर्षीय अन्जन शाह र भारतीय नागरिक ३० बर्षीय दीपक चन्द्र देवलाई पक्राउ गरिएको जनाएको छ । विशेष सूचनाको आधारमा प्रहरीले बा ४ च ५२७ नम्बरको कारको सुरक्षाजाँच गर्दा गाँजासहित २ जनालाई पक्राउ गरेको जनाएको छ ।

भारतीय नागरिक दीपकले कार चलाएका थिए भने अञ्जन कारमा सवार थिए । प्रहरीले जिल्ला अदालतबाट म्याद थप गरेर दुबैजनालाई हिरासतमा राखी थप अनुसन्धान गरिरहेको जनाएको छ ।

## आलीबाट लडेर तुम्सिङको मृत्यु

समाज संवाददाता

हेटौंडाः खेतको आलीबाट लडेर हेटौंडामा एक वृद्धको मृत्यु भएको छ । मृत्यु हुनेमा हेटौंडा-१८ स्थित हर्नाफाँटका ७१ वर्षीय प्रेमबहादुर तुम्सिङ रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिनुभयो । तुम्सिङ शुक्रबार बिहान ११ बजेको समयमा आफ्नो घरदेखि ५ सय मिटर पूर्वतर्फ छिमेकीको खेतको आलीबाट लडेर मृत्यु भएको अवस्थामा भेटिएका हुन् । तृम्सिङ मृत अवस्था रहेको खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय पशुपतिनगरबाट प्रहरी निरीक्षक दिनेशबहादुर कुँवरको कमाण्डमा प्रहरी टोली खटिएको थिए । घटनाबारे थप अनुसन्धान भइरहेको जनाइएको छ ।

## कांग्रेसले मुख्यमन्त्री जम्कट्टेलाई विश्वासको मत नदिने

समाज संवाददाता

हेटौंडाः नेपाली कांग्रेसले बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई विश्वासको मत नदिने भएको छ । शुक्रबार पार्टी बागमती प्रदेश कार्यसम्पादन समितिको बैठकले उक्त निर्णय गरेको हो ।

पार्टी बागमती प्रदेशका सभापति ईन्द्रबहादुर बानियाँको सभाध्यक्षता तथा प्रदेश संसदीय दलका नेता बहादुर सिंह लामासहितको उपस्थितिमा बसेको बैठकले साउन ६ गते बस्ने प्रदेशसभामा मुख्यमन्त्री जम्कट्टेलको विपक्षमा मतदान गर्ने निर्णय गरेको छ । बैठकले मुख्यमन्त्रीले लिने विश्वासको मतको विपक्षमा मतदान गर्न नेपाली कांग्रेस बागमती प्रदेशसभा संसदीय दललाई निर्देशन दिने निर्णय गरेको छ । यसअघि बिहीबार राष्ट्रिय प्रजातन्त्र पार्टीले पनि मुख्यमन्त्रीलाई विश्वासको मत नदिने निर्णय गरेको थियो ।

समृद्ध समाज राष्ट्रिय दैनिक

# प्याब्सनद्वारा एसईईमा उत्कृष्ट २५७ जना विद्यार्थी सम्मानित

समाज संवाददाता

हेटौंडाः निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) ले माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८० मा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई सम्मान गरेको छ । प्याब्सनले शुक्रबार मकवानपुर जिल्लामा ३.६० जिपीएदेखि ४ जिपीए ल्याउन सफल भएका २ सय ५७ जना विद्यार्थीलाई सम्मान गरेको हो । एसईईमा ४ जीपीए हासिल गर्ने रितिका छत्कुलीलाई नगद १० हजार रुपैयाँ र छात्रतर्फ ३.९५ जीपीए हासिल गर्ने लखिन्द्र मुखियालाई नगद ५ हजार रुपैयाँसहित सम्मान गरेको छ ।

प्याब्सनले संस्थागत विद्यालयका एक सय ८९ जना विद्यार्थी र सामुदायिक विद्यालयका ६८ जना विद्यार्थीलाई सम्मान गरेको हो । जिल्लाबाट एक सय १० जना छात्रा र एक सय ४७ जना छात्रले ३.६ जीपीए माथिको नतिजा ल्याएका थिए । सम्मान कार्यक्रममा प्याब्सनले ४९ वटा विद्यालयलाई समेत सम्मान गरेको थियो ।

कार्यक्रममा प्याब्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्य रहेको थियो । नगर प्रमुख लामाले शिक्षामा राजनीति गर्न नहुने भन्दै शिक्षित मानिसले नै राजनीति गर्ने बताउनुभयो । प्रमुख लामाका अनुसार तीनै तहको सरकारले शिक्षामा सुधार गरिरहेको छ ।

प्याब्सन मकवानपुरका अध्यक्ष सुवेदीले आगामी साउन २३ गतेदेखि सञ्चालन हुने एसईई ग्रेडवृद्धि परीक्षामा सबै विद्यार्थी उत्तीर्ण हुने विश्वास व्यक्त गर्नुभयो । शिक्षा प्रणालीमा रुपान्तरण गर्न जरुरी रहेको उहाँको भनाइ छ । आगामी दिनमा शिक्षकको दक्षता अभिवृद्धि गराउन तालिम दिइने उहाँले बताउनुभयो ।

कार्यक्रममा जिल्लामै सर्वोत्कृष्ट नतिजा ल्याउने बालजागृति इङ्गलिस स्कूलकी रितिका छत्कुली र एसईई परीक्षामा ३.९५ जीपीए ल्याउन सफल थाहा नगरपालिकाका लखिन्द्र मुखियाले आफ्नो सफलताको अनुभव सुनाएका थिए । कार्यक्रममा प्याब्सन केन्द्रीय उपाध्यक्ष आशिष श्रेष्ठ, शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दीनानाथ गौतम, हेटौंडा उपमहानगर पालिका शिक्षा महाशाखा प्रमुख सीताराम कोइरालालगायतको उपस्थिति रहेको थियो ।

हेटौंडा स्कूल अफ म्यानेजमेन्ट २०५२
HETAUDA SCHOOL OF MANAGEMENT 1995

ADMISSIONS OPEN

Start your journey to leadership and success - embrace

MANAGEMENT IN GRADE 11

For inquiry:
9855074222



ENHANCING SUCCESS:
Additional 24-month Medical And Engineering Preparation Classes Available In The Faculty Of Science For The Past 3 Years

CLASSES STARTING FROM
श्रावण १०

Hetauda-4, Makawanpur | info@hsm.edu.np | www.hsm.edu.np

"कडा अनुशासन, स्तरीय शिक्षा"
DELIVERING TOP-NOTCH EDUCATION SINCE 1995

# जन्मस्थानमै नअटाएका लोककवि गणेशलाल



देवप्रसाद श्रेष्ठ

आज श्रावण ५ गते, लोककवि गणेशलाल श्रेष्ठको जन्मदिन। ऐतिहासिक महत्वको भिमफेदीमा जन्मेका लोककविको जन्मस्थानमै उनको प्रतिमा राख्ने ठाउँ पाएनौं।

२०११ सालको ठूलो बाढी-पहिरोले भिमफेदी लगायत यस वरपरका गाउँ-बस्तीहरुमा ठूलो क्षति पुऱ्यायो र २०१३ सालमा त्रिभुवन राजपथ निर्माण भएपछि यसको महत्व घट्दै गएको हो। यसभन्दा अगाडि यो ऐतिहासिक बजार देशभित्र र बाहिर छिर्ने प्रमुख नाका थियो। त्रिभुवन बिमानस्थल बनेको थिएन। बेलायत लगायत पश्चिमा देश र भारतबाट समेत रक्सौलदेखि अमलेखगञ्जसम्म रेलमा, अमलेखगञ्जदेखि भीमफेदीसम्म ट्रक, बसमा चढेर आइपुगिन्थ्यो। भीमफेदीमा बास बसेपछि पैदलै हिँडेर चिसापानीको उकालो, कुलेखानी, चन्द्रागिरी चढेपछि मात्र काठमाडौं उपत्यका पुगिन्थ्यो।

भीमफेदीको चिसापानी गढीमा जिल्लाका बडा हाकिम बस्दथे। देशबाट बाहिरिने र भित्रिनेहरुको गढी मै राहदानी जाँच हुन्थ्यो। भीमफेदी बजारदेखि एक कोस पर धोर्सिङ बजारमा रोपवेबाट तराई, भित्री मधेस र भारतबाट समेत आयात गरिएका खाद्यान्न, दैनिक उपभोगका सामानहरु, लत्ता-कपडा मट्टीतेल उपत्यका भित्र ढुवानी हुन्थ्यो। भीमफेदीबाट थानकोटसम्म डोको र तामदानमा हिँड्न नसक्ने यात्रुहरू बोकाएर यात्रा गर्दथे। भरियालाई बोकाएर पनि सामान ढुवानी हुन्थ्यो। काठमाडौंमा राजा, राणा र ठुला भारदार चढ्ने उसबेलाका कार, जिपहरु सयौं भरियाहरुलाई बोकाएर भीमफेदी हुँदै काठमाडौं उपत्यका पुऱ्याइन्थ्यो।

देशभित्र बाहिरी संसारका मानिस हिमालय र पहाडै पहाडको देश नेपालको राजधानी आउने जाने बास बस्ने एउटै मात्र नाकाको बजार भएकोले यस स्थानको चहलपहल निकै महत्वपूर्ण थियो। चारैतिर सुन्दर र विशाल पहाडले घेरिएको उत्तर र पूर्बबाट बग्ने नदि र खोलाले घेरिएको मिठो पानी र स्वच्छ हावाले भीमफेदीको विशेषतालाई थपिदिएको थियो। उहिले शिरानको बजारमा एउटा सानो बजार थियो। यहिँबाट ठाडो उकालो चढेर चिसापानीको उकालो उक्किनु पर्दथ्यो। उकालोको फेदमा भीमसेनको मूर्ति र मन्दिर थियो। बजारको उत्तर-पूर्वको कुनोमा सैनिकहरु बस्ने ठुल्ठुला ब्यारेकहरु थिए। बिच बजारमा टेलिफोन, बिजुली, हुलाक, श्री चन्द्र अस्पताल, पाठशाला, अनिकालमा अन्न भण्डारण गर्ने धान गोदाम, यात्रुहरू विश्राम गर्ने ठुल्ठुला धर्मशालाहरु थिए। तल्लो धर्मशालामा सिलाई-कटाई तानमा लुगा बुन्ने कृषि र बागबानीसम्मको पढाई हुने ८ कक्षासम्मको भिम आधार हाई स्कुल थियो। २०१८ सालमा यो महेन्द्र हाइ स्कुलमा रुपान्तरण भयो।

बजारको पुछारमा तात्कालिक समयका श्री ३ र श्री ५ बस्ने ठुला दरबारहरु, मोटर राख्ने ग्यारेज, घोडा बाँध्ने तबेलाका साथै बिच बजारको शिरानमा जंगल सफारी र शिकार खेल्न र हात्ती चढ्न आवश्यक बन्दोबस्तीका सामान राख्ने भण्डार, हात्तीसार बनेको थियो। बजारदेखि १ कोस पश्चिम धोर्सिङमा काठमाडौंको मातातीर्थसम्म बिजुलीबाट चल्ने रोपलाइन थियो। धोर्सिङ बजारमा काठमाडौ रोपबाट ढुवानी गर्ने भारत र तराईबाट ल्याएका दैनिक उपभोगका सामान लत्ता-कपडा, नुन, मट्टीतेल आदि भण्डार गर्ने गोदामहरु थिए।

तत्कालिन समयको भीमफेदी बजार आर्थिक, सामाजिक, धार्मिक र साँस्कृतिक रुपले निक्कै सम्पन्न थियो। व्यापारिक दृष्टिकोणले बिदेश, तराई-मधेस र वरपरका गाउँ-बस्तीहरुबाट दैनिक उपभोगका सामान, कृषिजन्य पदार्थ, तेल, मट्टितेल, मेसनरी पार्ट पुर्जाहरु देशी-बिदेशी उद्योगी व्यवसायी र व्यापारीहरु यहि बजार भएर नेपाल आउने-जाने भएकाले र यात्रुहरू यहीँका धर्मशाला, होटेलमा वास बसेर जाने भएकोले बजारको आर्थिक अवस्था निकै राम्रो थियो।

राणा शासनको अन्तिम र प्रजातन्त्र आउने ताका यो बजार राजनीतिक रुपले गतिशील थियो। जहानीया र निरंकुश राणाशासनको प्रस्थान बिन्दुको बजार भएकोले पनि युवाहरू सचेत थिए। परिवर्तनका संवाहक नेताहरू बिपि कोइराला, गणेशमान सिंह, टंकप्रसाद आचार्य, पुष्पलाल श्रेष्ठ, डा. के.आई. सिंह लगायत सहिद परिवारको पनि आवत-जावत भैरहन्थ्यो। २००७ सालको प्रजातान्त्रिक आन्दोलनमा आन्दोलनकारीहरुले यसै स्थानबाट छद्मरूपमा पर्चाहरु काठमाडौं उपत्यकामा पुऱ्याएका थिए। प्रजातन्त्र स्थापनापश्चात छिमेकी देश भारतले हाम्रो देशको उत्तरी सिमाना कालापानी र देशको १२ ठाउँमा भारतीय सैनिक मिसन राखेको थियो। भिमफेदीको सुपिङ ब्यारेकमा पनि त्रिभुवन राजपथ निर्माणमा उत्तर तिरको सुरक्षा चुनौती बहाना देखाएर सैनिक बटालियन तैनाथ गरेको थियो। भारतीय सैनिक मिसनको बिरोधमा भीमफेदी लगायत देशभर व्यापक प्रदर्शन भएपछि २०१३ सालमा कालापानी बाहेक अन्य ११ स्थानको भारतीय मिसन फिर्ता भएको हो। तर लिम्पियाधुरा-कालापानीको सैनिक क्याम्प भारतले अझै हटाइएको छैन।

त्यसबेलाको धार्मिक तथा साँस्कृतिक अवस्था राम्रो थियो। महाभारतको कथामा पाँच पाण्डवहरु स्वर्ग जाने क्रममा भीमफेदीमा बास बसेको स्थानमा भोलिपल्ट भीमसेनको एउटा पिडौला शिलाको रूपमा देखिएकोले त्यसै स्थानमा भीमसेनको मन्दिर निर्माण भएको थियो। भीमसेनले बास बसेकैले यस स्थानको नाम भीमफेदी रहन गएको किम्वदन्ती पनि छ। यहाँ बर्षैभरी हरेक चाडपर्व र उत्सवमा काठमाडौं उपत्यकामा हुने साँस्कृतिक जात्राहरु, गाईजात्रा माघ महिनामा हुने जात्राहरु लाखे नाच आदि हुने गर्दथ्यो। भीमसेन जात्रा यहाँको प्रशिद्ध जात्रा हो। यो जात्रा मनाउन, गीत-भजन गाउन र दोहोरी भ्याउरे गाउन र आअफ्नो कला संस्कृति देखाउन चारैतिर बाट मानिसहरू आउँथे। यहाँको विद्यालय र साँस्कृतिक कलाकर्मीहरुको संयुक्त आयोजनामा बेला-बेलामा नाटक, झाँकी, हाँस्य-व्यंग्यका कार्यक्रमहरु हुने गर्दथ्यो। विश्व प्रसिद्ध लेखक म्याक्सिम गोर्कीको आमा, बालकृष्ण सम, भिमनिधि तिवारी, विजय बहादुर मल्ल, हृदयचन्द्र सिंह जस्ता ख्यातिप्राप्त लेखकहरुको नाटक मञ्चन हुने गर्दथ्यो। ख्यातिप्राप्त लेखकहरुको कृतिमा आजभन्दा ६० बर्ष अगाडि नै अभिनय गर्ने र सक्रिय हुने कलाकारहरुमा लोककवि गणेशलाल श्रेष्ठ, आनन्दलाल श्रेष्ठ, संघरत्न तुलाधर, परशुराम दास श्रेष्ठ, गोविन्द बहादुर ज्यामी, धनलाल श्रेष्ठ, केशव दास श्रेष्ठ, सुन्दरराज ठिके लगायतका युवाको सक्रियता थियो। साँस्कृतिक तथा धार्मिक झाँकी, जात्रा तथा ऱ्यालीहरुमा पुष्पनारायण मुल्मी, गणेशलाल श्रेष्ठ, डम्मरध्वज राना, केदार श्रेष्ठ, सिताराम प्रधान, महावीर श्रेष्ठ, हर्षरत्न बज्राचार्य लगायतका व्यक्तिहरु सक्रिय थिए।

बीच बाटोको बजार भएकोले राष्ट्रियस्तरका कलाकार र देशी-बिदेशी कलाकारहरुले पनि बेलबेलामा कला प्रदर्शन गर्दथ्यो। भारत तिरबाट आउने कलाकारहरुले हप्तौंसम्म राम लिला र धार्मिक कलाकृतिहरु प्रस्तुत गर्ने गर्दथ्यो। यी विविध धार्मिक, साँस्कृतिक, सामाजिक, आर्थिक र राजनैतिक क्रियाकलाप भएको भीमफेदी २०११ सालको बाढी र पहिरोले क्षत विक्षत बनायो। भैँसेदेखि काठमाडौंसम्म मोटर चल्न थालेपछि यहाँको चहलपहल बिस्तारै घट्दै गयो। भीमफेदी वरपरका गाउँ-बस्तिका बासिन्दाहरु, बजारका व्यापारीहरु जीविकोपार्जनका लागि हेटौंडातिर कामको खोजीमा र त्यस वरपरका जंगल फँडानी गर्दै बसाई सर्न थाले। जिल्लास्तरका कार्यालयहरु र सदरमुकाम हेटौंडा सरेपछि भने यो बजार निकै सुनसान भयो।


यस्तो ऐतिहासिक स्थानमा जन्मनुभएका मकवानपुरका पहिलो श्रष्टा लोककवि गणेशलाल श्रेष्ठले यहि माटोमा आफ्नो कला, साहित्यको श्रृजना गरे। तत्कालिन समयमा देवदेवीका मठ-मन्दिरहरुमा गाउने भजन र गीतहरु हिन्दी भाषाका हुन्थे। अहिले पनि हिन्दी भाषाकै भजनको बाहुल्य छ। उहाँले पहिलो पटक नेपालीमा गीत र भजनहरु लेखी गोर खापत्र छापाखानाबाट "मेरो पुष्पाञ्जली" नामको भजनमाला प्रकाशित गर्नुभयो। नेवारी, नेपाली र तामाङ भाषाका समेत सिद्धहस्त लेखकले २०१३ सालमा तीनै भाषामा गीत, गजल र झ्याउरे "दुई थुङ्गा" नामको पुस्तक प्रकाशन गरे। उहाँ आफूले लेखेको गीतमा संगीत भरेर गाउनु पनि हुन्थ्यो। उहाँ सिद्धहस्त हाँस्य कलाकार पनि हुनुहुन्थ्यो। उहाँले तत्कालिन समयको रंगमञ्चमा जीवन पर्यन्त प्रदर्शन गर्नुभयो। उहाँको लेखनी र प्रतिभालाई कदर गर्दै लोक साहित्य परिषद्ले लोककविको उपाधि प्रदान गरी भीमफेदीकै गरिमा बढायो।

१० बर्ष अगाडि लोककविको शत्बार्षिकी समारोहमा नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठानमा शताब्दी पुरुष सत्यमोहन जोशीको नेतृत्वमा साहित्यिक गोष्ठी भएको थियो। सत्बार्षिकी समारोहकै क्रममा नेपाल कला तथा साँस्कृतिक संस्थानका कुलपति अम्बर गुरुङ, परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठ, गीतकार, संगीतकार एवम् गायक भृगुराम श्रेष्ठ, साहित्यकार तुल्सी थापा, निमेष निखिल लगायत थुप्रै साहित्यकारहरु र कलाकर्मी हरुले कवि तुल्सी थापाको अध्यक्षता मा शत्वार्षिकी समारोह हेटौँडा, पोखरा र भीमफेदीमा भव्यताका साथ मनाएको थियो। लोककविको जन्मस्थल भीमफेदी पुगी दीप प्रज्वलन गरी श्रद्धाञ्जली सभा गरेको थियो।

यस्तो गरिमामय इतिहास भएका मकवानपुरका पहिला साहित्य, संगीत र हाँस्य-व्यंग्यका त्रिवेणी लोककविको आफू जन्मेकै स्थानमा प्रतिमा स्थापना गर्नु उपयुक्त सम्झेर दुई बर्ष अगाडि मकवानपुर सरोकार समितिले फोहरा बंगला अगाडि आकासे धारा पार्कमा भीमफेदी गाउँपालिकाको सहमति र संरक्षणमा प्रतिमा स्थापना गर्ने निर्णय गरी अनावरणको सम्पूर्ण तयारी भयो। तर अनावरण गर्ने तयारी गरेको दिन अघिको रातमा केहि अवान्छित व्यक्तिहरुले मूर्ति चोरी गरी चिसापानी पुल मुनी फ्याँके। प्रहरीको सक्रियताले मूर्ति भेटियो पनि। अपराधी भेट्टाउन सकेन। हाल लोककविको प्रतिमा भीमफेदी प्रहरी चौकीमा दुई बर्ष अँध्यारो कोठाबाट केहिदिन अगाडि निकालेर हेटौंडा ल्याइएको छ। लोककवि जन्मेकै स्थानमा केहि व्यक्तिहरुको अवरोधका कारण मूर्ति स्थापित हुन सकेन। बिडम्बना र दुखको कुरा लोककविले आफू जन्मेकै ठाउँमा प्रतिमासम्म राख्ने ठाउँ पाएन। गरिमामय इतिहास बोकेको भीमफेदीले लोककविलाई चिनेन।

यतिबेला मकवानपुर जिल्ला साहित्यिक गतिविधिमा निकै चलायमान छ। युवा तथा नवोदित साहित्यकारहरु सक्रिय छन्। साहित्य संगम मकवानपुर, भीम बिराग संगीत साहित्य कला प्रतिष्ठान, सिस्नुपानी नेपाल, झरना साहित्यिक परिवार, ,मातृभूमि साहित्य समाज, गजल मञ्च मकवानपुर, आञ्चल साहित्य कला पुञ्ज, प्रगतिशील लेखक संघ, सर्जक सञ्जाल मकवानपुर, नवसर्जक साहित्य चौतारी, बुद्धयौली साहित्य समाज लगायत दर्जनौं संस्थाहरू सक्रिय रहेको बेलामा अग्रज लेखक तथा कलाकार लोककवि गणेशलाल श्रेष्ठको भीमफेदी थानाको एउटा अँध्यारो कोठामा धुलोले छोपिएको प्रतिमा ठूलो प्रयासपछि उद्दार गरी ल्याउन पाएकोमा खुशी हुनैपर्छ। अब उहाँको प्रतिमा स्थापनाका लागि पनि ध्यान जान्छ कि ?

## चित्रकला





राहुल राउत बराई
कक्षा-११, हेटौडा क्याम्पस



अन्तिमा चौधरी
कक्षा-६, सिद्धार्थ शिशु सदन, हेटौंडा-५




समृद्धि श्रेष्ठ
कक्षा-३, ब्रह्मवैदिक् एकेडेमी, हेटौंडा-४



दिपासना थापा
कक्षाः- १०, जिएस निकेतन, हेटौंडा-५

# देशहितका लागि, फेरि एकबार उठ



✍सरोजप्रसाद साह

देशहितका लागि, फेरि एकबार उठ !
शौर्यभाव साथ उठ, शौर्य-दीप बनेर !!
आत्मनिर्भर बनी, फेरि एक साथ उठ !!!
असली प्रजातन्त्र ल्याऊ, शान्ति नायक बनेर !!!!
कहाँ चल्छ घरबार, छिमेकीको जुठोले !!!!!
जित्नुपर्छ रणभूमि, संघर्षको युद्धले !!!!!!



धनकुटा, सुर्खेत, जनकपुरी गाउँमा !
युवा युवा एकजुट, मकवानपुरे भावमा !!
हात अनेक, पाउँ अनेक, मुटु एक भावमा !!!
सिंहभाति सारा युवा, देशभक्ति भावमा !!!!
चार जस्तो फूर्ति, सिंहाजस्तो शौर्यमा !!!!!
एक एक पल बितोस, नेपाल निर्माणमा !!!!!!



देशहितका लागि, फेरि एकबार उठ !
विजयभाव साथ उठ, विजयपथ बनेर !!
अब एकबार उठ, अन्तिम निर्णय गर्नलाई !!!
अन्धकार चिर्नलाई, सौर्य-दीपक बनी उठ !!!!
अन्यायलाई रोक अब, अति भयो सहेर !!!!!
हे सहिदका सन्तानहरू, मुलुकलाई बचाउनलाई !!!!!!



न्याय देऊ नेपाली, आस तिम्रो जोड छ !
हे नेपाली नायकहरू, तिम्रै आसमा देश छ !!
अब यदि उठेनौ, देश उठ्न सक्दैन !!!
यदि उठ्यौ तिमी भने, देश झुक्दै झुक्दैन !!!!२



# जीवन यस्तै छ



✍सशिता दंगाल गेलाल

जीवन यस्तै छ,
भोग्नेलाई थाहा होला कति पीडा छ
बाहिर अधर मुस्कुराइरहेको हुन्छ अनि
भित्री कुष्माण्डमा पीडाले जलक्रिडा गर्दै हुन्छ
हो म यस्तै छु असहज अबुझ अतृप्त
तर बुझ्नेलाई सरल छु म
नबुझ्नेलाई घमण्डको पराकाष्टा

नबुझ्नेलाई आजकाल बुझाइरहन जरूरत लाग्दैन
खै किन होला ?
जो जे र जस्ता छन्
तिनीहरू बुझ्नु र अबुझ बन्नुले खास
फरक पर्दैन मलाई
झण्डै यार्सा जस्तै छु म कसैको खोज त कसैको प्राप्ति
झण्डै एकमुठी श्वास जस्तो न भित्र पस्छ
न मुक्तिमार्गमा विलिन हुन जान्छ

निष्पट्ट अन्धकारमा आफ्नो छायाको खोजीमा
भौँतारिरहेको जस्तो
अमुक सपनाको द्वन्द्व बीच पिल्सिरहेको जस्तो
बुझ्नेलाई नेपाली जस्तै सरल
नबुझ्नेलाई संस्कृत भन्दा जटिल

खै किन यस्तो छु म
मान्छेहरूले भन्छन् म हाँसिरहने प्रकृतिको छु
फेरि तिनै मध्ये कसैले भन्छन्
अलिअलि घमण्डी पनि छु
हो म घमण्डी छु तर आवश्यकता अनुसार
तिम्रो व्यवहार अनुसार
तिम्रो अनुकूलता अनुसार
म तिमीले चाहे जस्तो
बन्न कहाँ सक्छु र ?
मेरो आफ्नै पहिचान छ
स्थान छ
सम्मान छ
त्यसैले हो म घमण्डी छु,
आफ्नै स्वाधीनताको रक्षा गर्ने म घमण्डी हो
आफ्नो स्वतन्त्रतामा रमाउने म घमण्डी हो

हेटौँडा-९, प्रगतिपथ

# तिम्रो माया



✍विविशा बर्तौला

सक्दिनँ आमा म अरुको
देशमा आएर बाँच्न
यहाँ बोली फरक विचार
फरक सबैको आफ्नै भावना ॥

देश छोडेर विदेशिनु पर्ने
कारण चाहाना हैन मेरो
जिम्मेवारी कर्तव्य हो कुनै
बाहाना छैन मेरी ॥

हाँसेर अघि बढ्न खोज्छु
रोकिन्छन् मेरा पाँउँहरू
स्वीकार गर्छु सबैलाई मैले
धरीधरीको फूल ठान्छु ॥

आतुर छन्, तिम्रा आँखा
मेरा सफलता देख्न
परिस्थितिले बाँधिएको हुँ
हाऱ्या छैन आजसम्म ॥

भगवानको कृपा र तिम्रो आर्शिवादले
बाँचिरहेको छुरै यहाँ
तिम्रो मायाले गर्दा आजसम्म
बाँचिरहे धन्य छौ तिमी आमा ॥

*कक्षा-९, सिद्धार्थ शिशु सदन, हेटौंडा-२*

# बाबा



✍विविशा बर्तौला

जीवनका मन्दिर हुन् बाबा,
छोरा छोरीको सफलताको चित्र कोर्ने बाबा
घरको मूल खाँबो हुन् बाबा,
मन्दिरको गजुर हुन् बाबा
परिवारको मार्ग दर्शक हुन बाबा,
जीवन भरको सहारा हुन् बाबा,
जाडोको घाम जत्तिकै रापिलो बाबा,
रातीको जुन जत्तिकै शितलो बाबा ।

समुन्द्रको गहिराई जस्तै बाबा,
पहाडको टुप्पो जस्तै बाबा,
घरको छानो जस्तै ओत दिने बाबा ।

भरी वर्षा केहि नभनि ताते ताते गराउने बाबा,
म पनि बाबा भएपछि बुझौला,
धेरै धेरै ढोग प्रणाम बाबा ।

*कक्षा-९, सिद्धार्थ शिशु सदन, हेटौंडा-२*

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं

# सजीव वस्तु

## पुस्तक समीक्षा



✍कृष्ण श्रेष्ठ

मैले पढेको पुस्तकको नाम सजीव वस्तु हो । यसका लेखक पवन सिंह कार्की हुन् । यो पुस्तक २०१६ मा छापिएको हो । यसमा छ वटा पृष्ठ सङ्ख्या छ ।

मेलमिन र गिल्डा बर्जरले लेख्नुभएको सजीव वस्तु पुस्तकलाई पवन सिंह कार्कीले नेपालीमा अनुवाद गर्नुभएको छ । यस पुस्तकको बाहिरी गातामा सूर्यमुखी फूलको राम्रो चित्र देखाइएको छ यस पुस्तकलाई कथालयले प्रकाशनमा ल्याएको हो ।

यो पुस्तकबाट मैले वस्तुहरू सजीव र निर्जीव हुन्छन् भन्ने कुरा थाहा पाए किताबहरू निर्जीव वस्तु हुन् । सजीव वस्तुहरू हुर्कन्छन्, बढ्छन्, सास फेर्छन् र निर्जीव वस्तुहरू जहाँको त्यही हुन्छन् । हाम्रा आमा-बुबाहरू पनि सजीव हुनुहुन्छ । बोटबिरुवाहरू पनि सजीव हुन्छन् । सूर्यमुखी फूल पनि सजीव रहेछ । सजीव वस्तुहरूको रूप फेरिन्छ र सजीव वस्तुहरू ठूलो ठूलो हुँदै जान्छन् । निर्जीव वस्तुहरूको रूप फेरिँदैन ।

*कक्षा-३, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# हाम्रो सपना

## पुस्तक समीक्षा



✍अभिज्ञा सापकोटा

मैले पढेको पुस्तकको नाम हाम्रो सपना हो । यस पुस्तकका लेखक राजु विश्वकर्मा हुनुहुन्छ । यो पुस्तक २०७२ साल भदौमा छापिएको हो । यसमा १२ वटा पाना रहेका छन् । यस पुस्तकको बाहिरी गातामा एउटा सानो बालक सुतेको अवस्थामा देखाइएको छ । र उसले सपना देखेको र आफू धेरै मानिसहरूको अगाडि मञ्चमा बसेर बोलिरहेको सपना देखेको चित्र यस पुस्तकको बाहिरी गातामा छ ।

मैले यो पुस्तक पढेर हामीले बेलुका देख्ने सपनाहरू फरक फरक हुन्छन् सपनामा देखेका कुराहरु साँचो हुँदैनन् । सपनाबाट बिउँझिएपछि सपना नरहने रहेछ भन्ने कुरा बुझेँ । यस पुस्तकबाट हामीले सपनामा देखेका कुराहरु आफ्नो परिवार र साथीहरुलाई भन्न सकिन्छ । हामी ठूलो भएपछि के बन्ने ? के गर्ने भनी कल्पना गर्नु भने हाम्रो सपना हो । भन्ने कुरा बुझाउन खोजिएको छ ।

*कक्षा-२, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# साताको राशिफल

पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५



**मेष राशि**: सामाजिक कार्यमा महत्वपूर्ण उपलब्धी हासिल हुनेछ । धार्मिक यात्रा योगमा सरिक भइने छ । सुझबुझका साथमा काम लिएमा उपलब्धि हात पर्ला । व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ । व्यक्तित्व विकासका निम्ति राम्रो समय छ । तोकिएका काम समयमै सम्पादन हुनेछ । अध्ययन–अध्यपान दुवै मध्यमकारक रहने योग छ ।

**वृष राशि**: आवेग र रिस रागमा नियन्त्रण गर्दा राम्रो रहन्छ । व्यापार–व्यवसाय मध्यमकारक रहने देखिन्छ । असहजताका बीचमा काम गर्न सकिने छ । समुचित परिणाम प्राप्त गर्न धौ धौ पर्ला । शिघ्रता र हतारमा कुनै काम हुँदैन । चासो र चिन्तामा मात्र केन्द्रित हुने समय छ । स्वास्थ्य समस्यामा क्रमश: सुधार आउला । धार्मिक योग देखिन्छ ।

**मिथुन राशि**: पेसा वा व्यवसायका असजिला पक्षहरु निराकरण हुनेछन् । साँझेदारी र चिठ्ठाबाट लाभ प्राप्त होला । तर्क वितर्क र छलफल अनि पढाइ–लेखाइका क्षेत्रमा सफल छ । चिताएको काममा सफलता प्राप्त होला । कल्पना र भावुकतामा समय व्यतित हुन सक्छ । साथी संगी र पारिवारीक सर–सहयोग प्राप्त हुने समय योग रहेको छ ।

**कर्कट राशि**: कीर्ति र प्रतिष्ठामा बढावा हुने समय छ । तर्क विचार र निर्णयका क्षेत्रमा द्विविधा हुन सक्ला । रोकिएका कामहरु बन्नेछन् । बन्द व्यापार ठिकै देखिन्छ । विचार र भावनाले प्रभावित पार्न सकिने छ । प्रतिद्वन्द्वीलाई विचार गरेर मात्र काम गर्दा राम्रो रहन्छ । तर्कवितर्कमा समय व्यतित हुने परिस्थिति छ ।

**सिंह राशि**: आर्थिक र व्यवहारिक समस्याले सताउने समय छ । बुद्धि र विवेकलाई प्रयोग गर्न सके धन र मान दुवैले पछ्याउने समय छ । बुद्धिको उपयोगले तारिफ बटुलिएला । पढाइप्रति जिम्मेवारी बोध हुनेछ । शिक्षा दीक्षाका क्षेत्रमा लागेका व्यक्तिले क्षमता प्रदर्शन गरिने छ । बौद्धिक र लेखन कार्यमा सफलता प्राप्त हुने समय योग छ ।

**कन्या राशि**: मानसिक अस्थिरताको समय छ । काममा ढिलासुस्ती बढ्ला । व्यापार–व्यवसायमा हाँके ताकेका कामहरु रोक्नुपर्ने हुन्छ । वातावरण र परिस्थितिमा केन्द्रित भइने छ । आत्मविश्वासमा वृद्धि होला । अरुको विश्वासमा धोका पाइने छ । पढाइ–लेखाइमा भन्दा घुमघाममा समय व्यतित होला । खर्चमा वृद्धि हुने समय योग छ ।

**तुला राशि**: सामाजिक एवम् नियमित कामधन्दामा असर पर्ने समय छ । दीर्घ प्रयोजनका लागि धन जोड्ने समय छ । प्रयास र मिहिनेतले लाभ प्राप्त होला । सेवामूलक र परोपकारी कामबाट लाभ प्राप्त हुनेछ । दीर्घकालिन कामका लागि समय बित्ला । व्यापार–व्यवसाय मध्यमकारक मान्नुपर्दछ । धार्मिक कृत्यमा समय व्यतित हुनेछ ।

**वृश्चिक राशि**: डुब्न लागेको धन फिर्ता हुनेछ । लामो समयदेखि रोकिएको काम बन्नेछ । आर्थिक पक्ष सबल रहने छ । नयाँ ठाउँको थालनी हुनेछ । बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । रोकिएका कामहरु बन्नेछन् । धार्मिक सामाजिक एवम् आध्यात्मिक काममा सरिक भइनेछ । पढाइ–लेखाइ मध्यमकारक रहन्छ ।

**धनु राशि**: मनमा खुशी र आनन्दको पुनर्ताजगी हुने समय छ । विगतमा देखिएका वाधा र अड्चन हटाएर अघि बढ्ने बेला छ । लक्ष्य र प्रगतितर्फ उन्मुख भइने छ । चुनौतीका बाबजुज अगाडि बढिने समय छ । व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ । मानमा बढोत्तरी होला । अध्ययन–अध्यापनमा मन जाने समय छ ।

**मकर राशि**: एकाग्रतामा कमी हुने समय योग छ । ध्यान विकेन्द्रिकृत बन्ने समय छ । भावनाको वेगलाई कसैले पनि बुझ्न नसक्ने समय छ । सहयोगिले विश्वासघात गर्ने समय योग छ । व्यापार–व्यवसायमा मन्दी छाउला । दानपुण्यप्रति आकर्षण बढ्ला । आनन्द र मनोरञ्जन अनि धार्मिक एवं सामाजिक काममा मन रमाउला ।

**कुम्भ राशि**: सरकारी काम राज्यपक्षबाट लाभ लिन सकिने छ । कमीकमजोरीमा सुधार आउला । कामको चाप बढ्ने समय योग छ । अध्ययन–अध्यापनमा सफलता प्राप्त होला । अनुशासनको दायरा बढाउँदा राम्रो रहन्छ । प्रतिष्ठा र सम्मानमा वृद्धि होला । घमण्ड त्याग गर्दा राम्रो । पढाइ–लेखाइ ठिकै देखिन्छ ।

**मीन राशि**: परोपकारी कामबाट भाग्य वृद्धि गर्न सघाउ पुग्ने छ । कर्म सिद्धिको योग भएकाले गरेको प्रयास सार्थक होला । नयाँ रोजगारी हात पर्ला । बढुवा वा उन्नतिको अवसर पाइने छ । अनुभव र सहानुभूति बढ्ला । मान–सम्मान बढ्ने समय योग छ । अध्ययन–अध्यापन ठिकै रहने समय योग छ ।

# मुक्तक



✍कृतिका हुमागाईं

सँगै पढेर हुर्किएका साथीभाइ सम्झन्छु
साथीभाइ मध्ये अभागी आफूलाई सम्झन्छु

कसैलाई असफल भएको विगत सोध्यो भने
सबैभन्दा पहिला मैले मेरो पढाइलाई सम्झन्छु

अहिले मैले पाएको दु:ख भन्दा ठुलो
म जन्मिदा आमाले पाएको दु:खलाई सम्झन्छु

सहरमा गाडीहरुको आवाजले दिक्क लाग्दा
गाउँको गोठमा कराउने बाखा भैंसी सम्झन्छु

बालपानको सबैभन्दा खुसीको कुरा गर्नुपर्छ
घरमा पाउना आउँदा ल्याइएको मिठाई सम्झन्छु

*कक्षा-१०, सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-२,*

# गाउँखाने

१. काला–काला शहरमा मेला भर्न आका, भोलिपल्ट हेर्दाखेरि सबै हराएका ।
• तारा

२. बाहिर बोक्रो भित्र खोक्रो गालामा छ लाली, त्यो गालामा थप्पड दिँदा बन्छ मिठो ताली ।
• मादल

३. घरमा मेरो नानी छन्, हेर्दा सानी छन् खानु पिउनु केही छैन दिनभरि गीत गाउँछिन् ।
• रेडियो

४. चौकुना मिलेको टारीगाउँमा सुक्खा कुवा चार, अठार चोरले एक नारीलाई गर्न खोज्छन् प्यार, सुराक लगाई एक प्रहरी आयो कुटी–कुटी मजा चखायो, एक–एक गर्दै सकेजति सबैलाई कुवामा खसाल्यो ।
• क्यारमबोर्डको गट्टी

५. पारिपट्टि मेवा पाक्यो देख्ने भाई गएन, अर्को भाइ गयो उसले टिपेन, जुन भाइले टिप्यो उसले खाएन, अर्को भाइले खायो ।
• आँखा, खुट्टा, हात र मुख

# मानविकी संकायका विद्यार्थीलाई क्याम्पसकै परामर्श



*परामर्श कार्यक्रममा सहभागीहरु ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसले स्नातक तहमा अध्ययनरत मानविकी संकायका विद्यार्थीका लागि परामर्श कार्यक्रमको आयोजना गरेको छ । शुक्रबार बिहान क्याम्पसको सभाकक्षमा स्नातक तहका विद्यार्थीका लागि औपचारिक अध्ययनका लागि विद्यार्थीले ध्यान दिनुपर्ने कुरा, क्याम्पसले गर्दै आएको सहजीकरण, सीप, दक्षता अभिवृद्धिको विषयमा विद्यार्थीलाई परामर्श कार्यक्रमको आयोजना गरेको हो । क्याम्पसले परामर्शका क्रममा विद्यार्थीका प्रतिक्रिया, सल्लाह तथा सुझाव समेत संकलन गरेको छ ।

मानविकी संकायका प्रमुख कृष्णप्रसाद पौडेलको अध्यक्षता तथा क्याम्पस सञ्चालक समिति सदस्य कृष्ण धितालको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । परामर्श कार्यक्रममा सहायक क्याम्पस प्रमुख संगम चौलागाईले स्नातक तहमा मानविकी संकायका विद्यार्थीले अध्ययन गर्नुपर्ने विविध विषय र विद्यार्थीको क्रियाकलाप, क्याम्पसले गर्दै आएका कार्यका विषयमा जानकारी गराउनुभएको थियो भने अर्का सहायक क्याम्पस प्रमुख उत्तम अर्यालले विद्यार्थीलाई अभिप्रेरणामूलक प्रस्तुती राख्नुभएको थियो । कार्यक्रममा क्याम्पस प्रमुख यमबहादुर सिलवालले स्नातक तहका विद्यार्थीको प्रभावकारी सिकाईका लागि क्याम्पसले सक्दो प्रयास गर्ने र विद्यार्थीको तर्फबाट पनि रचनात्मक सुझावको अपेक्षा गरिएको बताउनुभयो ।

स्वतन्त्र विद्यार्थी युनियनका अध्यक्ष छोइसाङ स्याङ्तान लामाले विद्यार्थीले नियमित क्याम्पसमा उपस्थिति भएर अध्ययन गर्ने र आफ्नो व्यक्तित्व विकासमा ध्यान दिनुपर्ने बताउनुभयो । पछिल्लो समय स्नातक तहमा विद्यार्थीको उपस्थिति न्यून भइरहेको, उच्च शिक्षाका लागि भनेर विदेशिने क्रम बढिरहेका बेला क्याम्पसले देशमै बसेर अध्ययन र आफ्नो समाजका सकारात्मक योगदान दिनुपर्ने विषयमा विद्यार्थीलाई जिम्मेवार बनाउन परामर्श कार्यक्रमको आयोजना गरेको हो । मानविकी संकायका प्रमुख पौडेलले यस किसिमका कार्यक्रम नियमित गर्दै जाने बताउनुभएको छ । विद्यार्थीसँगै अभिभावक र सरोकारवालासँग समेत अन्तरक्रिया र सहकार्य गरी स्नातक तहका विद्यार्थीलाई गुणस्तरीय सैद्धान्तिक पक्ष र व्यवहारिक अभ्यासमा पनि परिचालन गर्ने विषयमा क्याम्पसले आवश्यक कार्य गर्ने उहाँको भनाइ छ ।

परामर्श कार्यक्रममा विद्यार्थीले प्रभावकारी सिकाईका लागि क्याम्पसले अझ धेरै सहजीकरण गर्नुपर्ने सुझाव दिएका छन् । स्नातक तह प्रथम बर्षमा अध्ययनरत छात्रा प्रिया सिंहले स्नातक तहका विद्यार्थी साथीहरुले आफ्ना जिज्ञासा, धारणा र सल्लाह प्रस्तुत गर्न समेत डराउने अवस्था हुनु चिन्ताको विषय भएको बताउनुभयो । प्रभावकारी सिकाईका लागि यस किसिमको अन्तरक्रिया र परामर्श जरुरी भएको उहाँको भनाई थियो । नियमित पठनपाठनसँगै विद्यार्थीलाई व्यवहारिक ज्ञान दिन पनि जरुरी रहेको विद्यार्थीको सुझाव थियो । स्नातक तह अध्ययन गर्दै गरेका, अध्ययन पूरा गरेका विद्यार्थीको समुदायमा कहाँ कहाँ संलग्नता र योगदान छ त्यसको लगत क्याम्पसले संकलन गर्नुपर्नेमा विद्यार्थीले जोड दिएका छन् ।

# गोरुसहित एक जना पक्राउ

समाज संवाददाता

हेटौंडाः मकवानपुर प्रहरीले १८ वटा गोरुसहित एक जना ट्रक चालकलाई पक्राउ गरेको छ । शुक्रबार दिउँसो १२ बजेको समयमा हेटौंडा-११, थानाभन्याङबाट उक्त गोरुसहित चालकलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

मनहरीबाट हेटौंडातर्फ आउँदै गरेको ना ७ ख ६६६८ नम्बरको ट्रकमा गोरु लोड गरी ल्याएको भन्ने गोप्य सुचनाको आधारमा प्रहरी टोली खटेर सुरक्षाजाँच गर्न खोज्दा ट्रक भागेर थानाभन्याङस्थित एक वर्कसपभित्र राखेको अवस्थामा फेला परेको थियो । उक्त ट्रकमा भएको १८ वटा गोरु र ट्रक चालक मनहरी-६ स्थित बसन्तपुरको ३० वर्षीय अनिल बयलकोटीसमेत निणन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि पशु क्वारोनटाइन कार्यालय पथलैया पठाइएको जनाएको छ ।

# अस्पतालमा औषधि दानपात्र सञ्चालन

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा औषधि दानपात्र राखिएको छ । अस्पतालले शुक्रबार देखि औषधि दानपात्र राखेको हो । अस्पतालको दानपात्रमा इच्छा लागेको व्यक्तिले औषधि दान गर्न सक्ने छन् ।

आफूसँग भएको औषधि, अस्पतालबाट डिस्चार्ज हुँदा बाँकी भएको औषधि दानपात्रमा दान गर्न सकिने अस्पतालले जनाएको छ । दान गरिएको सम्पूर्ण औषधिहरू आर्थिक स्थिति कमजोर भएका बिरामीका लागि सहयोग हुने बताइएको छ । अस्पतालले बीमा भएका बिरामीलाई बचेको औषधि दान गर्दा औषधी पाउने व्यक्तिलाई फाइदा हुने अस्पताल प्रशासनको भनाइ छ ।

# ३० जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) हेटौंडा क्याम्पसको आयोजनामा रक्तदान कार्यक्रम भएको छ । शुक्रबार क्याम्पस परिसरमा भएको रक्तदान कार्यक्रममा ३० जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभयो ।

स्ववियु अध्यक्ष अभि मैनालीका अनुसार क्याम्पसको सहयोगमा भएको रक्तदान कार्यक्रममा शिक्षक, विद्यार्थी र केही अभिभावकहरुले रक्तदान गरेका थिए । प्राविधि सापकोटाका अनुसार मकवानपुरमा शनिबार र आइतबार पनि रक्तदान कार्यक्रम आयोजना हुँदैछ । शनिबार भीमफेदी गाउँपालिकामा एउटा क्लबको आयोजनामा र आइतबार नेकपा एमाले मकवानपुरको पार्टी कार्यालयमा रक्तदान कार्यक्रम हुने उहाँले बताउनुभयो ।

# एकैदिन ५ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको ४ जिल्लामा विभिन्न घटनामा एकैदिन ५ जना मृत्यु भएको छ । प्रदेशको चितवन, नुवाकोट, काभ्रेपलाञ्चोक र सिन्धुली जिल्लामा ५ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

चितवन जिल्लाको भरतपुर महानगरपालिका-२६, सिसवासस्थित नारायणी नदीमा एक जनाको शव फेला परेको छ । बिहीबार बिहान ८ बजेर १५ मिनेटको समयमा नामथर नखुलेको अन्दाजी ४५ वर्षीय पुरुषको शव फेला परेको प्रहरीले जनाएको छ । नदीले बगाउँदै ल्याएको अवस्थामा प्रहरी टोली र स्थानीयले डुङ्गाको सहायताले शव नदीबाट बाहिर निकालिएको प्रहरीले जानकारी दिएको छ ।

चितवन जिल्लाको भरतपुर महानगर पालिका-१० स्थित पुरानो मेडिकल कलेजमा उपचाररत बिरामीको मृत्यु भएको छ । मृत्यु हुनेमा नवलपरासी हुक्सीकोट गाउँपालिका-२ का ७६ वर्षीय बलबहादुर खाम्चा मगर रहेको प्रहरीले जानकारी दिएको छ ।

बुधबार मगर पिसाब थैलीको क्यान्सरको उपचारका लागि पुरानो मेडिकल कलेजमा ल्याई भर्ना गरी उपचार गरिरहेकोमा बिहीबार बिहान १० बजेर ४० मिनेटको समयमा अस्पतालको तेस्रो तलामाथिको झ्यालबाट खसेर गम्भिर घाइते भएका थिए । घाइते मगरको उपचारको क्रममा सोही दिन बिहान ११ बजेर ३० मिनेटको समयमा मृत्यु भएको थियो । अनुसन्धानको क्रममा मगरले आँखा नदेख्न पाइएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिका-५, महादेबफाँटमा शौचालयमा लडेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा पर्वत जिल्ला पानधुरे घर भई हाल महादेबफाँट बस्दै आएका २७ वर्षीय अनिल थापा रहेको प्रहरीले जनाएको छ ।

बिहीबार स्थानीयको घर बाहिर रहेको शौचालयभित्र चुकुल लगाइरहेको अवस्थामा मानिस रहेको खबर प्राप्त हुनासाथ प्रहरी टोली खटेर शौचालयको जस्ताको छानो हटाई हेर्दा थापा अचेत अवस्थामा फेला परेका थिए । थापालाई उपचारका लागि जिल्ला अस्पताल त्रिशुली लगिएकोमा उपचारको क्रममा मृत्यु भएको थियो । अनुसन्धानका क्रममा थापाले मादक पदार्थ सेवन गरेको पाइएको प्रहरीले जनाएको छ ।

काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका-६ स्थित गोसाइँस्थानमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा रोशी गाउँपालिका-४, लेम्बावेशी घर भई हाल बनेपा नगरपालिका-६, राममन्दिर बस्ने ३६ वर्षीय देवराज तामाङ रहेको प्रहरीले जनाएको छ । मुचुल्कापश्चात् शव पोष्टमार्टमको लागि धुलिखेल अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ ।

सिन्धुली जिल्लाको तीनपाटन गाउँपालिका-११, सखरखण्डमा झुलुङ्गोबाट खसेर एक बालिकाको मृत्यु भएको छ । मृत्यु हुनेमा तीनपाटन गाउँपालिका-६, अर्मले घर भई सखरखण्ड बस्ने १० वर्षीया मिथिला चौहान रहेको प्रहरीले जनाएको छ । बिहीबार चौहान घरमा आफू सुत्ने कोठामा सारीको झोलुङ्गोबाट भुइँमा खसेर मृत अवस्थामा फेला परेको प्रहरीले जनाएको छ ।

# प्रणामी व्यवसायीद्वारा शैक्षिक सामग्री सहयोग

समाज संवाददाता

हेटौंडाः प्रणामी व्यवसायी संघ नेपालले आफ्नो तेस्रो स्थापना दिवसको अवसरमा विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग गरेको छ । शुक्रबार एक कार्यक्रमका बीच मकवानपुरको मकवानपुगढी गाउँपालिका-६ स्थित बालज्योति आधारभूत विद्यालयका विद्यार्थीहरुलाई शैक्षिक सामग्री सहयोग गरिएको हो । संघ मकवानपुर शाखाका सचिव राजेश वाग्लेका अनुसार ४० जना विपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाई १ दर्जन कापी, १ दर्जन कलम, १ दर्जन इरेजर र १ दर्जन साइनपेन वितरण गरिएको छ । संघका संस्थापक अध्यक्ष विष्णुप्रसाद वाग्लेको सभाध्यक्ष तथा मकवानपुरगढी वडा नम्बर ६ का वडाध्यक्ष कृष्णप्रसाद चौलागाईको प्रमुख आतिथ्यमा शैक्षिक सामग्री वितरण कार्यक्रम भएको हो । संघको ९ जिल्लामा शाखाहरु रहेका छन् । संघले संघमा आवद्धहरुलाई रोजगारी प्रदान गर्ने गरी विभिन्न तालिमहरु सञ्चालन गर्दै आइरहेको जिल्ला सचिव वाग्लेले बताउनुभयो ।

# खुला कविता प्रतियोगितामा २० जना छनोट

समाज संवाददाता

हेटौंडाः नेपाल भाषा खलः मकवानपुरको आयोजनामा हुन लागेको खुला कविता प्रतियोगितामा २० जना छनोट भएका छन् । लोककवि गणेशलाल श्रेष्ठको १ सय १३ औं जन्मजयन्तीको अवसरमा शनिबार हेटौंडामा हुन लागेको खुला कविता प्रतियोगितामा २० जना छनोट भएका हुन् ।

खलः मकवानपुरले फेसबुक पेजमार्फत् सूचना जारी गर्दै मकवानपुर सहित अन्य जिल्लाबाट कविहरु छनोट भएको जानकरी गराएको छ । छनोट हुनेमा मकवानपुरकी कृष्मा लौंडारी, स्वस्तिका बानियाँ, म्याग्दीकी आरती आचार्य, सिन्धुलीका बाबुराम श्रेष्ठ यात्री, मकवानपुरकी रोशनी चौलागाईं, स्वस्तिका दहाल, सुधीर भद्र, सिन्धुली जिल्लाका रुपक जमरा, बैतडीका भूपि सरोवर, मकवानपुरकी रजनी अधिकारी, पोखराका गंगा सापकोटा, चितवनका शून्य नयन, मकवानपुरका बैकुण्ठ लामिछाने, अर्घाखाँची पूर्णिमा गिरी, मकवानपुरकी अनुसुया खनाल, चितवनका परिवेशन मुन्छे, काभ्रेपलाञ्चोकका अदीप अधिकारी, घादिङका राजु झल्लुप्रसाद, मकवानपुरका दीपक गौतम र योगेश घिमिरे रहेका छन् ।

प्रतियोगिताका लागि छनोट भएका २० जना कविहरुले शनिबार हेटौंडा-४ स्थित होटल लिडो इनमा कविता वाचन गर्नुपर्नेछ । भाषा खलःले हरेक वर्ष साउन ५ गते गणेशलाल श्रेष्ठको जन्मजयन्तीको अवसर पारेर कविता प्रतियोगिता आयोजना गर्ने गरेको संस्थाका अध्यक्ष महेश्वर श्रेष्ठले बताउनुभयो ।

यसअघिको प्रतियोगितामा जिल्लाभित्रका कविहरुलाई मात्र सहभागी गराउने गरेको संस्थाले यसवर्ष खुलारुपमा प्रतियोगिता आयोजना गरेर बाहिरी जिल्लाका कविहरुलाई पनि सहभागी गराएको उहाँले बताउनुभयो । प्रतियोगितामा सहभागी हुनका लागि ५३ जना कविहरुले कविता पठाएका थिए । साहित्यकार अनिता न्यौपानेकोले नेतृवमा निर्णायकहरुले २० जनालाई छनोट गरेको उहाँले बताउनुभयो ।

कविता प्रतियोगिताकै अवसरमा लोककवि गणेशलाल श्रेष्ठ स्मृति साहित्य सम्मान २०८१ बाट मकवानपुरका साहित्यकार निमेष निखिललाई सम्मान गरिने भएको छ । साहित्य क्षेत्रमा दिएको योगदानको मूल्याङ्कन गर्दै साहित्यकार निखिललाई १५ हजार रुपैयाँ नगद राशि र सम्मानपत्र प्रदान गरिनेछ । यस्तै, बाल प्रतिभा साहित्य पुरस्कारबाट नवोदय शिशु सदनका अनुशा उप्रेतीलाई ३ हजार रुपैयाँ नगद राशि र सम्मानपत्रसहित सम्मानित गरिनेछ ।

यसअघि १० हजार रुपैयाँ नगद राशिको पुरस्कार रहेकोमा यसवर्षबाट ५ हजार रुपैयाँ रकम बढाइएको हो । गतवर्ष स्वर्गीय तुल्सी थापालाई सम्मान गरिएको थियो । आगामी वर्षबाट पुरस्कार राशि अझ बढाउन सकिने बताइएको छ । कविता प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेहरुलाइ क्रमशः १५ हजार रुपैयाँ, १० हजार रुपैयाँ, ५ हजार रुपैयाँ र ३ हजार रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिनेछ ।




# गायक घलानको म्युजिक अडियो रिलिज

समाज संवाददाता

हेटौंडाः मकवानपुरे गायक बीरु घलानको 'तामाङ ह्वाईरी स्याई साईली' गीतको अफिसियल म्युजिक अडियो रिलिज भएको छ । शुक्रबार दिउँसो १२ बजे गायक एवम् संगीतकार साम्तेन मोक्तान अफिसियल युट्युब च्यानलबाट उक्त गीत रिलिज गरिएको हो ।

साम्तेन मोक्तानको शब्द र संगीत रहेको गीतमा चर्चित गायिका निर्मला घिसिङ र बीरु घलानको स्वर रहेको छ । गीतको अरेन्ज सानुबाबु घिसिङले गर्नुभएको छ भने रेकर्डडिष्टमा प्रख्यात थिङ हुनुहुन्छ । गीत फ्याफुल्ला स्टुडियोमा रेकर्ड गरिएको हो । गायक लामाले गीतको म्युजिक अडियो तयार गर्न प्रकाश सुनार, शम्भु लामा, निर्माण लामा, माया घलान, राजकुमार आले मगर, पूर्ण दोङ, विशाल आले र सुजन तामाङको महत्वपूर्ण भूमिका रहेको भन्दै धन्यवाद दिनुभएको छ ।

तामाङ कलाकार संघ मकवानपुरका सदस्यसमेत रहनुभएका गायक घलान हेटौंडा-१४ स्थित बनेलधाप निवासी हुनुहुन्छ । गायिका घिसिङ मकवानपुरको बागमती गाउँपालिकाका हुनुहुन्छ । यसअघि दुबैले हिट गीतहरु गाइसकेका छन् । गायक घलानको यो तेस्रो गीत हो ।

सानैदेखि संगीतमा रुचि राख्ने घलानले केही समयअघि मात्र फ्याफुल्ला नेपाल युट्युबमार्फत् तामाङ सेलो 'देउराली भञ्ज्याङ' म्युजिक भिडियो ल्याउनुभएको थियो । अभिनेतासमेत रहनुभएका घलानले तामाङ सेलोलाई थप उचाईमा पुऱ्याउन आवश्यक रहेको बताउनुभएको छ । उहाँले सबैको माया पाउने अपेक्षा पनि गर्नुभएको छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
**आयुर्वेद तथा वैकल्पिक चिकित्सालय**
मकवानपुर, नेपाल

**करार सेवामा लिने सम्बन्धी सूचना संशोधन गरिएको सम्बन्धमा,**

*दोस्रो पटक सूचना प्रकाशित मिति २०८१/०४/०५*

आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, मकवानपुरको स्वीकृत स्थायी दरबन्दीमा "चिकित्सक तथा स्वास्थ्यकर्मी करार सेवा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७८" बमोजिम करारमा पदपूर्ति हुने मिति २०८१/०४/०४ मा समृद्ध समाज राष्ट्रिय दैनिकमा प्रथम पटक १५ दिने प्रकाशित सूचनाको क्र.सं. २ विज्ञापन नं.२/२०८१-०८२ मा पद फिजियोथेरापिष्ट, सेवा स्वास्थ्य, समूह फिजियो र माग पद संख्या एक (१) हुनु पर्नेमा अन्यथा हुन गएको जानकारीको लागि पुनः यो सूचना प्रकाशित गरिएको छ ।

**आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, मकवानपुर**
dahcmakawanpur.bagamati.gov.np

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ